केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Sites : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

प.सं.बै.वि.नि.वि/नीति/सूचना/०५/०७०/७१ मिति: २०७०/११/१६

सवै इजाजतपत्रप्राप्त बैक तथा वित्तीय संस्थाहरु,

विषय: सूचना अधिकारी तोक्ने तथा सूचना अद्यावधिक र प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,

नेपाल सरकार राष्ट्रिय सूचना आयोगको मिति २०७०/१०/२७ को पत्रबाट सो आयोगले मिति २०७०/०९/२९ को गोरखापत्र लगायतका पत्रपत्रिकामा प्रकाशित सूचनाको हक कार्यान्वयन गर्न गराउन सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ६ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो कार्यालयमा सूचना अधिकारी तोक्नु पर्ने, सूचना अधिकारीको पहुँचमा सूचना हुनु पर्ने तथा सूचना शाखाको व्यवस्था गर्नु पर्ने व्यवस्था भएको जानकारी गराएको व्यहोरा विदितै छ । सो आयोगले पत्र मार्फत सूचनाको हकसम्वन्धी नियमावली, २०६५ (दोश्रो संशोधन) को नियम २४क. बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफुभन्दा दोश्रो वा तेश्रो मुनिको अधिकारीलाई तोक्नु पर्ने, सूचना अधिकारी तोकिएको छैन भने यथाशीघ्र तोकी सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्वर (मोवाईल नम्बर) तथा इमेल सो आयोगमा पठाइदिन समेत अनुरोध गरेको छ । साथै, उक्त ऐनको दफा ५ को उपदफा (३) बमोजिमको विवरण सोही ऐनको दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने तथा यसरी प्रकाशित विवरणहरु संस्थाको वेबसाइटमा राख्न तथा उक्त आयोगमा नियमित रुपमा पठाउनु हुन समेत अनुरोध भई आएकोले सोही बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ:

(१)श्री नेपाल सरकार
अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
सिंहदरबार, काठमाण्डौं ।

(२)श्री नेपाल सरकार,
राष्ट्रिय सूचना आयोग,
कोटेश्वर, पेरीसमार्ग काठमाण्डौं ।